शहीदनगर नगरपालिका

Shahidnagar Municipality

# नगर कार्यपालिकाको कार्यालय

**Office of the Municipal Executive**

यदुकुहा, धनुषा, नेपाल

Yadukuha, Dhanusha, Nepal

पत्र संख्या :- २०८०/०८१

चलानी नं. :-

मधेश प्रदेश , नेपाल(Madhesh Province)

मिति :२०८१/०१/१०

ने.सं. ११४४ चौलाथ्व चतुर्दशी

## नगर प्रमुख , उप प्रमुख र ९(नौ) वटा वडा अध्यक्षहरु मध्ये ८ (आठ) वटा अध्यक्षहरु सहीतको संयुक्त प्रेश विज्ञप्ति

उपरोक्त विषयमा २०८० सालको SEE परीक्षा संचालन समयमा यस नगरपालिकाको वडा नं. ६ का वडा अध्यक्ष उमेश कुमार निरालाले शिक्षा शाखाको ढोकामा रहेको ताल्चा फुटाइ निजले कार्यापालिका समेतलाई जानकारी नदिइ आफ्नो ताल्चा लगाए पश्चात कार्यपालिकाको बैठकको निर्णय अनुसार उक्त गैरकानुनि रुपमा लगाएको ताल्चा शिक्षा शाखा तथा अन्तर्गका कार्यहरुको सम्पादनमा सहजताको निम्ति खोली सके पश्चात निजले अभद्र व्यवहारहरु प्रर्दशन गरी मिति २०८०/१२/१८ गते देखि केही व्यक्तिहरु सहीत विभिन्न धाक / धम्कीहरु दिदै आन्दोलन संचालन , कार्यालयमा पुन: ताल्चा लगाइने देखी लिएर यस पालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुलाई गाली गलौज, कालो मोसो दल्ने लगायतका धाक धम्कीहरु दिइरहेको र मिति २०८१/०१/०३ गते कार्यालयमा आई सुचना माग गरे बमोजिमको सुचना निजलाई यस कार्यालयको प्रमुख प्रशासकीय अधिकृतले उपलब्ध गराए पश्चात निजलाई दिइएको ति सवै सुचनाहरुलाई कार्यालय प्रमुखको अगाडी च्याती अभद्र व्यवहार गरेर कर्मचारीहरुलाई तरसाई/ डराई रहेको अवस्थालाई निरन्तरता दिदै २०८१ वैशाख ०९ गतेको दिन निजले आफ्नो समाजिक संजाल फेसबुक मार्फत आन्दोलनको घोषणा गरी आज कार्यालयको कामकाज संचालन भइरहेको अवस्थामा निज स्वयंमले नेतृत्व गरी आएका २०-२५ जनाको उच्छृखंल समुह आएर नगर प्रमुख , उप प्रमुखले प्रयोग गर्ने सार्वजनिक सवारी तथा सेवाग्राहीको मोटरसाइकल समेत लाई तोडफोड गरी कार्यालयमा कार्यरत राष्ट्रसेवक कर्मचारी , आन्दोलनको सुरक्षामा खटिनुभएको सुरक्षाकर्मीहरु लगायतलाई समेत कुटपिट गरी सार्वजनिक सम्पतिलाई तोडफोड गरी अपराधिक उपद्रबजन्य कसुर अपराध गरी कार्यालय क्षति पुर्याइ अस्त व्यस्त बनाएको हुँदा निजले विगत केही दिन देखी गरीरहेको कानुन विपरितका गतिविधहरु प्रति घोर भत्सर्ना गर्दै निजलाई सरकारी सम्पति तोडफोड गरी अपराधिक उपद्रवको कसुर गरे वापत कानुन बमोजिमको हदै सम्मको कारवाही गर्न सम्वन्धित निकाय संग जोडदार माग गर्दछौं ।